**1.5 Curriculum Feedback (2081)**

# स्नातक तह ऐच्छिक नेपाली (प्रथम वर्ष) पाठ्यक्रमको पाठ्यक्रम अनुरूपता

**कार्यपत्रको परिचय**

प्रस्तुत कार्यपत्र कोटेश्वर बहुमुखी क्याम्पस, नेपाली विभागद्वारा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातक तहको ऐच्छिक नेपाली पाठ्यक्रमको विश्लेषणका लागि तयार पारिएको हो । स्नातक तहलाई तीन वर्षेबाट चार वर्षे बनाएर २०७६ सालमा तयार पारी लागु गरिएको यो पाठ्यक्रम हाल चौथो वर्षमा कार्यान्वयन भइरहेको छ । यसै बिचमा २०८० सालमा यसको प्रथम संशोधन पनि भएको छ । मूल विषय नेपाली विशिष्टीकरण गर्न चाहनेहरूका लागि तयार पारिएको यो ऐच्छिक पाठ्यक्रम हो ।

प्रस्तुत कार्यपत्रमा प्रथम वर्षमा राखिएका दुई पाठ्यांशहरू आधुनिक नेपाली कथा, उपन्यास र नाटक ( नेपाली ४२१) र आधुनिक नेपाली कविता - काव्य (नेपाली ४२२) पाठ्यांशको पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गरिएको छ । पाठ्यक्रमको अनुरूपताका दृष्टिले उल्लिखित पाठ्यांशमा रहेका उद्देश्य, विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया लगायतका विषयमा विश्लेषण गरी यी पाठ्यांशमा रहेका सबल र दुर्बल पक्षहरू, पाठ्यक्रमको उपयुक्तता र सान्दर्भिकता, ज्ञानको उत्पादनमा यी पाठ्यांशको उपादेयता जस्ता पक्षमा विमर्श गरिएको छ र प्राप्त भएका निचोडलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यस कार्यपत्रको मुख्य उद्देश्य पाठ्यक्रम अनुरुतताका दृष्टिले निर्दिष्ट पाठ्यांशहरू औचित्यपूर्ण रहे नरहेको निर्क्योल गरी सम्बन्धित पक्षलाई सुझाव र सल्लाह दिनु रहेको छ ।

**समस्या**

पाठ्यक्रम शैक्षिक गतिविधिको मेदरुदण्ड हो । पाठ्यक्रमकै आधारमा शैक्षिक क्रियाकलापहरू निर्देशित भएका हुन्छन् । यसै परिप्रेक्ष्यमा स्नातक तहको ऐच्छिक नेपाली पाठ्यक्रम अन्तर्गत प्रथम वर्षका लागि समाविष्ट दुई पाठ्यांशहरू आधुनिक नेपाली कथा, उपन्यास र नाटक तथा आधुनिक नेपाली कविता काव्यको पाठ्यक्रम अनुरूपताका दृष्टिले निम्न समस्यामा आधारित रहेर विश्लेषण गरिएको छ :

क) पाठ्यक्रम अनुरूपताका आधारमा प्रथम वर्षका पाठ्यांशहरू के कस्ता छन् ?

ख) उक्त पाठ्यांश के कमी छन् र कस्ता सुझाव दिन सकिन्छ ?

**उद्देश्य**

प्रस्तुत कार्यपत्रका उद्देश्यहरू निम्न छन् :

क) पाठ्यक्रम अनुरूपताका आधारमा निर्दिष्ट पाठ्यांशहरूको अध्ययन गर्नु ।

ख) निर्दिष्ट पाठ्यांशमा रहेका कमी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु ।

## अध्ययनको महत्त्व

प्रस्तुत अध्ययनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत चार वर्षे स्नातक तहका लागि निर्धारण गरिएको ऐच्छिक नेपाली पाठ्यक्रमअन्तर्गतका प्रथम वर्षका दुई पाठ्यांशहरूको पाठ्यक्रम अनुरूपताका दृष्टिले विश्लेषण गरिएको छ । यस अध्ययनबाट निर्दिष्ट पाठ्यांशहरू पाठ्यक्रम अनुरूप भए नभएको तथ्य नतिजा र विमर्शका रूपमा आउने हुँदा पाठ्यक्रमका शक्ति र सीमाहरू पहिचान गर्न सहयोग पुग्छ । यसका साथै पाठ्यक्रमले निर्धारण गरेका पाठ्यांशहरूको विर्मश आफैंमा प्राज्ञिक कार्य हो । अनुसन्धानका दृष्टिले पनि नवीन र अनुसन्धेय विषय हो । यस विमर्शले पाठ्यक्रम निर्माता तथा अन्य सम्पूर्ण सरोकारवालालाई मार्ग दर्शन प्राप्त हुने नै छ । त्यसैले यो अध्ययन शैक्षिक, प्राज्ञिक, अनुसन्धेय र ज्ञानको सार्वजनिक उपादेयता समेतका दृष्टिले औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको सीमा

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको ऐच्छिक नेपाली पाठ्यक्रमको पाठ्यक्रम अनुरूपताका आधारमा गरिएको विश्लेषणसँग सम्बन्धित छ । चार वर्षे पाठ्यक्रमअन्तर्गत प्रस्तुत अध्ययनमा प्रथम वर्षको पाठ्यक्रमअन्तर्गत दुई पाठ्यांशहरूको मात्र विश्लेषण गरिएको छ । विश्लेषणका लागि पाठ्यक्रमका तत्त्वका आधारमा त्यसको अनुरूपताको विमर्श गरिएको छ । यस बाहेक अन्य वर्ष र तहका पाठ्यांशहरूको अध्ययन नगरिनु र पाठ्यक्रमका तत्त्वबाहेक अन्य पक्षहरू नसमेटिनु यस अध्ययनको सीमा हो ।

## अध्ययन विधि

अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन विधि, सैद्धान्तिक आधार र विश्लेषण वा अर्थापन विधिको चर्चा गरिएको छ ।

## सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयले मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत चार वर्षे स्नातक तहका लागि निर्धारण गरेको नेपाली विषयको ऐच्छिक पाठ्यक्रमलाई छनोट गरिएको हुनाले प्रथम वर्षमा समाविष्ट पाठ्यांशहरूलाई प्राथमिक स्रोतका रूपमा छनोट गरिएको छ । सन्दर्भ स्रोतका रूपमा पाठ्यक्रमसँग सम्बन्धित अनुसन्धान कृति तथा स्नातक तहको नेपाली पाठ्यक्रमसँग सम्बन्धित पूर्वकार्यहरूलाई उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषण/अर्थापन विधि

प्रस्तुत अध्ययनमा सामग्री विश्लेषणका लागि पाठ्यक्रमको तत्त्वहरूलाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । पाठ्यक्रम सिकाइ गतिविधिको दस्तावेज हो । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विषयगत उद्देश्य, ती उद्देश्यलाई पूरा गर्न पाठ्यांश वा पाठ्यवस्तु, पाठ्यवस्तुको कार्यान्वयन गर्न सकिने सिकाइ विधि, शैक्षिक सामग्री, सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन प्रक्रियाहरू रहने गर्दछन् । यसका साथै पाठ्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक तथा शैक्षिक सरोकारवालाको चासोहरूलाई समेत सम्बोधन गरिएको हुन्छ । यसले विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास गराउने उद्देश्य समेत राखेको हुन्छ । यसै अनुरूपका शैक्षिक गतिविधिहरू

पाठ्यक्रममा निर्देशित भएका हुन्छ । यसका साथै पाठ्यक्रममा युगानुपेक्षी दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य पनि राखिएको छ । पाठ्यक्रमले परिवर्तित समाजलाई सम्बोधन गर्ने प्रयत्न समेत गर्दछ । समाज, राष्ट्र र विश्व परिवेशको समसामयिक औचित्यका आधारमा पाठ्यक्रम निर्माण गरी त्यसको कार्यान्वयनको प्रयत्न गरिएको हुन्छ ।

पाठ्यक्रम समग्र शैक्षिक प्रक्रियाको निर्देशन पक्ष भएकाले यसका संरचक तत्त्वहरू रहन्छन् । पाठ्यक्रममा संरचक तत्त्व वा अवयवलाई पाठ्यक्रममा तत्त्व भनिन्छ । ती तत्त्वहरू उद्देश्य, पाठ्यवस्तु, सिकाइ अनुभव र विधि तथा मूल्याङ्कन प्रक्रिया हुन् । पाठ्यक्रमले के कस्ता उपलब्धि हासिल गर्न खोजेको हो भन्ने कुरा पाठ्यक्रमको उद्देश्यअन्तर्गत रहन्छ । उद्देश्यलाई पाठ्यक्रमले मूलतः साधारण र विशिष्ट गरी निर्धारण गरेको हुन्छ । तिनै उद्देश्य पूरा गर्नका लागि उद्देश्यसँग मिल्ने पाठ्यवस्तुहरू तयार पारिएको हुन्छ । उद्देश्य प्राप्तिका लागि तयार पारिएका ज्ञान, सीप, प्रवृत्ति तथा मूल्यहरू नै वास्तवमा पाठ्यवस्तु हुन् । विद्यार्थीमा विकास गर्नुपर्ने ज्ञान, सीप र धारणालाई पाठ्यवस्तुमा समायोजन गरिएको हुन्छ । यसका लागि उपयुक्त पाठ्य विषय छनोट गरी त्यसको क्षेत्र र क्रम निर्धारण गरिन्छ । यसका साथै तहगत रूपमा स्तरण पनि गरिन्छ ।

पाठ्यक्रममा उद्देश्य र पाठ्यवस्तुको निर्धारण पश्चात् त्यसको व्यावहारिक स्वरूप निर्माणका लागि सिकाइ अनुभवको निर्माण गरिन्छ । पाठ्यवस्तुको प्रस्तुतिकरणको प्रक्रिया सिकाइ अनुभव हो । सिकाइ अनुभवबाट ज्ञानका नवीन सत्यहरूको उत्पादनमा सहयोग पुग्दछ । सिकाइ अनुभव वास्तवमा विषयवस्तु शिक्षक, विद्यार्थी, विधि र सामग्री आदि बिचको अन्तर्सम्बन्ध हो । विद्यार्थीले आर्जन गरेका ज्ञान, सिप र प्रवृत्तिहरूको समुच्चय हो । यसको निर्धारण विद्यार्थीको उमेर, परिपक्वता, पूर्व ज्ञान, मनोविज्ञान र आवश्यकताका आधारमा गर्नु उपयुक्त मानिन्छ । शिक्षण विधि पाठ्यक्रमको महत्त्वपूर्ण अङ्ग हो । पाठ्यवस्तुको कार्यान्वयन गर्न विधिको आवश्यकता पर्दछ । तह र पाठ्यवस्तु अनुकुलका शिक्षण विधिहरूको निर्देश पाठ्यक्रमले गरेको हुन्छ । पाठ्यक्रमको अर्को तत्त्व मूल्याङ्कन हो । पाठ्यक्रमको कार्यान्वयनको महत्त्वपूर्ण पक्षका रूपमा मूल्याङ्कनलाई लिइन्छ । मूल्याङ्कनले विद्यार्थीको व्यवहारमा आएको परिवर्तनको अध्ययन गर्छ । पाठ्यक्रमले अपेक्षा गरे अनुसारका शैक्षिक उपलब्धि प्राप्त भए नभएको लेखाजोखा मूल्याङ्कन मार्फत् गरिन्छ (...स्रोत राख्न बाँकी..........) ।

प्रस्तुत अध्ययनका लागि निम्न विश्लेषण ढाँचाको उपयोग भएको छ :




**पाठ्यांशको परिचय**

स्नातक तहको ऐच्छिक नेपाली पाठ्यक्रमअन्तर्गत पहिलो वर्षका लागि दुई ओटा पाठ्यांशहरू निर्धारण गरिएको छ । २०७६ सालबाट लागु हुने गरी निर्माण गरिएको यी पाठ्यांशको प्रथम संशोधन २०८० सालमा गरिएको छ । यी दजुई पाठ्यांशको परिचय तल दिइएको छ :

**आधुनिक नेपाली कथा, उपन्यास र नाटक (नेपाली ४२१)**

**पाठ्यांशको उद्देश्य**

- कथाको स्वरूप, परिचय, प्रकार, विकास प्रक्रिया, प्रमुख कथाकार र तिनका प्रतिनिधि कथाहरूको प्रवृत्तिगत विशेषता बारे विवेचना गर्न ।
- उपन्यासको विधागत चिनारी साथै नेपाली उपत्यासको विकास प्रक्रिया, प्रमुख उपन्यासकार, तिनका प्रतिनिध उपन्यासको प्रवृत्तिगत विशेषताको विवेचना  गर्न ।
- नेपाली नाटकका सैद्धान्तिक चिनारीका साथै नाटकका उपविधाहरूको स्वरूप, विकास प्रक्रिया, प्रमुख नाटककार र तिनका प्रतिनिधि नाटकको प्रवृत्तिगत विशेषताको विवेचना गर्न ।

पाठ्यांशको उद्देश्यअन्तर्गत साहित्यका तीनओटा विधा क्षेत्रलाई समावेश गरी ती विधा क्षेत्रको परिचयात्मक र विश्लेषणात्मक चेतनाको विकास गर्ने उद्देश्य राखेको देखिन्छ । यस पाठ्यांशमा कथा, उपन्यास र नाटक विधालाई समावेश गरी ती विधाको सैद्धान्तिक ज्ञान र ती विधा क्षेत्रका प्रतिनिधि स्रष्टा र तिनका प्रतिनिधि रचनाको विवेचना गर्न सक्ने जनशक्ति उत्पादनको उद्देश्य पाठ्यक्रमले राखेको छ ।

**पाठ्यवस्तु**

प्रस्तुत पाठ्यांशलाई तीन खण्डमा विभाजन गरेर पाठ्यवस्तुहरूको वितरण गरिएको छ । पहिलो खण्डमा कथालाई समावेश गरिएको छ । यस अन्तर्गत कथाको सैद्धान्तिक खण्ड राखिएको छ । कथाको सैद्धान्तिक अध्ययनका लागि कथाको विधागत स्वरूप परिभाषा, तत्त्व र प्रकार राखिएको छ । त्यस्तै साहित्यतिहास अन्तर्गत कथाको विकास प्रक्रिया, चरण, धारा र प्रवृत्ति एवम् तिनका प्रमुख प्रतिभा र उपलब्धिहरूलाई पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ । दोस्रो खण्डमा प्रायोगिक विषयवस्तु राखिएको छ । प्रमुख नेपाली कथाकार र तिनका कथाको विवेचना शीर्षकमा पाठ्यवस्तुको विन्यास गरिएको छ । यस खण्डमा दश जना कथाकारहरूका कथा समावेश गरिएको छ । गुरूप्रसाद मैनालीदेखि प्रदीप नेपालसम्मका कथा समावेश गरी कथाकारको परिचय, प्रवृत्ति, निर्धारित कथाको कथातत्त्वगत विवेचना तथा ती कथाका विशिष्ट पङ्क्तिको व्याख्या समेतलाई पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ ।

दोस्रो खण्डमा आधुनिक नेपाली उपन्यासलाई पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ । यसलाई पनि सैद्धान्तिक र प्रायोगिक संरचनामा विषयवस्तुको संयोजन गरिएको छ । उपन्यासको सैद्धान्तिक पाठ्यवस्तुअन्तर्गत विधा परिचय, स्वरूप, परिभाषा, तत्त्व र प्रकार तथा साहित्येतिहासअन्तर्गत विकास प्रक्रिया, चरण, प्रतिभा, प्रवृत्ति र उपलब्धिको संयोजन गरिएको छ । प्रायोगिक विषयअन्तर्गत पाँच जना उपन्यासकारका पाँचओटा उपन्यास कृति, उपन्यासकारको परिचय, प्रवृत्ति, उपन्यासको विधापरक विश्लेषण र उपन्यासका विशिष्ट पङ्क्तिको व्याख्यालाई पाठ्यवस्तु बनाइएको छ ।

तेस्रो खण्डमा नाटकलाई विधा क्षेत्रका रूपमा लिइएको छ । नाटकअन्तर्गतका पूर्णाङ्की, एकाङ्की र गीति नाटकलाई पाठ्यवस्तुका रूपमा राखिएको छ । नाटक र त्यस अन्तर्गतका उपभेदको सैद्धान्तिक, परिचय, परिभाषा, स्वरूप, तत्त्व र प्रकारलाई लिइएको छ । साहित्येतिहासअन्तर्गत समाविष्ट प्रकारको विकास प्रक्रिया, धारा, प्रतिभा र प्रवृत्ति र उपलब्धिलाई पाठ्यवस्तुका रूपमा राखिएको छ । प्रायोगिक खण्डअन्तर्गत पूर्णाङ्की, एकाङ्की र गीति नाटक समावेश गरी तिनका स्रष्टाको परिचय, प्रवृत्ति र निर्धारित कृतिको नाट्यतत्त्वपरक विवेचना र विशिष्ट पङ्क्तिको व्याख्यालाई पाठ्यवस्तुका रूपमा संयोजन गरिएको छ । यसमा चारओटा पूणाङ्की, चारओटा एकाङ्की र एउटा गीति नाटक समावेश गरिएको छ । पाठ्यांशको भार क्रमशः ३५, ३० र ३५ प्रतिशत निर्धारण गरिएको छ । यसको पूर्णाङ्क १०० र प्रतिहप्ता कक्षाभार निर्धारण गरिएको छ ।

### शिक्षण विधि

पाठ्यक्रमले निर्धारित पाठ्यांशको शिक्षण प्रक्रियाका लागि शिक्षण विधि निर्धारण गरेको छ । यसका लागि व्याख्यान, प्रश्नोत्तर, छलफल, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, समूह कार्य, कक्षा प्रस्तुति, गोष्ठीपत्र, अध्ययनपत्र जस्ता विधिहरू तोकिएको छ । यसका साथै शिक्षकले आवश्यकता अनुसारका विधि आफ्नै स्वविवेकले निर्धारण गरी उपयोग गर्न सक्ने भनी उल्लेख गरेको छ ।

### मूल्याङ्कन प्रक्रिया

प्रस्तुत पाठ्यांशको मूल्याङ्कनका लागि पाठ्यक्रमले आन्तरिक र बाह्य मूल्याङ्कन निर्धारण गरेको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत ३० प्रतिशत अङ्क र बाह्य मूल्याङ्कनबाट ७० प्रतिशत अङ्क दिइने व्यवस्था गरिएको छ । आन्तरिक मूल्याङ्कलाई पनि पहिलो र दोस्रो आन्तरिक मुल्याङ्कनमा विभाजन गरी क्रमशः १० र २० प्रतिशत अङ्क निर्धारण गरिएको छ । पहिलो आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य, पुस्तकालय कार्य, पुस्तक वा लेख पुनरावलोकन र कक्षागत सुधार परीक्षालाई मापदण्ड बनाइएको छ । दोस्रो आन्तरिक मूल्याङ्कनअन्तर्गत परियोजना कार्य, अवस्था घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन वा आन्तरिक परीक्षालाई लिइएको छ । यसका साथै शिक्षकले आवश्यकताअनुसार माथि तोकिएका मूल्याङ्कन पद्धतिमध्ये कुनै एक वा एकभन्दा बढी मापदण्डको सहायता लिई मूल्याङ्कन गर्न सक्ने व्यवस्था समेत गरेको छ ।

पाठ्यांशको बाह्य मूल्याङ्कनअन्तर्गत वार्षिक परीक्षालाई लिइएको छ । वार्षिक परीक्षाबाट ७० प्रतिशतको मूल्याङ्कन हुने व्यवस्था गरिएको छ । वार्षिक परीक्षामा सहभागी हुन आन्तरिक परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, ७० प्रतिशत कक्षा उपस्थिति रहनु पर्ने, वार्षिक परीक्षा नियन्त्रण कार्यालयले लिने, छोटा र लामा गरी दुई प्रकृतिका क्रमशः १० र १५ अङ्क भारका प्रश्ना सोधिने, प्रश्नहरूमा विकल्प दिइने, सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नमा स्रोत खुलाइने व्यवस्था गरेको छ । न्युनतम ४० प्रतिशत अङ्क प्राप्त भएमा उत्तीर्ण हुने, ४० प्रतिशतभन्दा माथि अङ्क ल्याउनेका लागि अक्षर प्रणालीबाट विधाध परिषद्ले मानविकी सङ्कायका लागि निर्धारण गरेबमोजिमको मापदण्डअनुसार श्रेणी निर्धारण गरिने व्यवस्था गरेको छ ।

## आधुनिक नेपाली कविता-काव्य (नेपाली ४२२)

### पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशका उद्देश्यहरू पाठ्यक्रमले निम्नानुसार निर्धारण गरेको छ :

- कविताको परिभाषा, तत्त्व तथा प्रकार समेतको सैद्धान्तिक ज्ञानका आलोकमा आधुनिक नेपाली कविताको निरूपणका साथै प्रमुख कविहरूका काव्य प्रवृत्ति र तिनका फुटकर कविताको विवेचना गर्न,

- खण्डकाव्य र महाकाव्यको सैद्धान्तिक ज्ञानका आलोकमा आधुनिक नेपाली खण्डकाव्य तथा महाकाव्यको विकास प्रक्रियागत प्रवृत्तिको निरूपणका साथै प्रमुख खण्डकाव्यकार तथा महाकाव्यकारहरूका खण्डकाव्यगत तथा महाकाव्यगत प्रवृत्ति र तिनका खण्डकाव्य तथा महाकाव्य कृतिको विवेचना गर्न ।

पाठ्यांशको उद्देश्यअन्तर्गत कविता विधाका तीनओटा उपविधागत रूपहरूको सैद्धान्तिक र प्रायोगिक ज्ञान दिने उद्देश्य राखिएको देखिन्छ । कविताका रूपहरू फुटकर कविता (लघु रूप), खण्डकाव्य (मझौलो रूप) र महाकाव्य (बृहत् रूप) को सैद्धान्तिक परिचय, तत्त्व, विकास प्रक्रिया, निर्दिष्ट कविताको विवेचना गर्न सक्ने जनशक्ति उत्पादनको उद्देश्य पाठ्यक्रमले राखेको छ ।

**पाठ्यवस्तु**

प्रस्तुत पाठ्यांशलाई तीन खण्डमा विभाजन गरेर पाठ्यवस्तुको वितरण गरिएको छ । पहिलो खण्डमा फुटकर कविता राखिएको छ । कविताको सैद्धान्तिक अध्ययनका लागि कविताको सैद्धान्तिक परिचय, परिभाषा, तत्त्व र प्रकार पाठ्यवस्तुका रूपमा राखिएको छ । त्यस्तै कविताको इतिहासअन्तर्गत नेपाली कविताको विकास प्रक्रिया, चरण, धारा, प्रवृत्ति, प्रतिभा र उपलब्धिलाई समावेश गरिएको छ । प्रायोगिक खण्डअन्तर्गत १३ जना कविका एक एक कविता समावेश गरी कवि परिचय, प्रवृत्ति तथा निर्दिष्ट कविताको विवेचना र निर्धारित कविताका विशिष्ट पङ्क्तिको व्याख्यालाई पाठ्यवस्तुको रूपमा संयोजन गरिएको छ। फुटकर कविताको पाठ्यभार सिङ्गो पाठ्यांशको ५० प्रतिशत निर्धारण गरिएको छ । पाठ्यांशको दोस्रो खण्डमा लामा कविता सहित खण्डकाव्यलाई पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ। खण्डकाव्यको विषयवस्तु पनि सैद्धान्तिक र प्रायोगिक गरी दुई उपखण्डमा विभाजन गरिएको छ । सैद्धान्तिक खण्डअन्तर्गत खण्डकाव्यको परिचय, परिभाषा, तत्त्व र प्रकार समाविष्ट छन् । नेपाली खण्डकाव्यको विकास प्रक्रियाका चरण, धारा, प्रवृत्ति र प्रमुख प्रतिभा समावेश गरी सैद्धान्तिक खण्डको पाठ्यवस्तु विन्यास गरिएको छ। त्यस्तै प्रायोगिक खण्डमा चारओटा खण्डकाव्य समावेश गरिएको छ। निर्दिष्ट काव्यका कविको परिचय, प्रवृत्ति, खण्डकाव्यको काव्यतत्त्वका आधारमा विवेचना र निर्दिष्ट काव्यका विशिष्ट पङ्क्तिको व्याख्यालाई समावेश गरिएको छ । लामो कविताको विशिष्ट पङ्क्तिको भने व्याख्या गर्नु नपर्ने भनी उल्लेख गरिएको छ ।

पाठ्यांशको तेस्रो खण्डमा महाकाव्यलाई समावेश गरिएको छ। महाकाव्यको सैद्धान्तिक परिचय, परिभाषा, तत्त्व, स्वरूप र प्रकार तथा आधुनिक नेपाली महाकाव्यको विकास प्रक्रिया, चरण, धारागत प्रवृत्ति तथा तिनका प्रमुख प्रतिभा र उपलब्धिलाई सैद्धान्तिक पक्षअन्तर्गत राखी पाठ्यवस्तुको विन्यास गरिएको छ। त्यस्तै प्रायोगिक खण्डअन्तर्गत दुईओटा महाकाव्यहरू समावेश गरी तिनका महाकविको परिचय, प्रवृत्ति, महाकाव्यको तत्त्वपरक विवेचना विशिष्ट पङ्क्तिको व्याख्यालाई पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ । खण्डकाव्य र महाकाव्यको समग्र पाठ्यांश ५० प्रतिशत निर्धारण गरिएको छ । यस पाठ्यांशका लागि प्रतिहप्ता कक्षाभार ६ र पूर्णाङ्क १०० निर्धारण गरिएको छ ।

**शिक्षण विधि**

पाठ्यक्रमले निर्धारित पाठ्यांशको शिक्षण प्रक्रियाका लागि शिक्षण विधि निर्धारण गरेको छ । यसका लागि व्याख्यान, प्रश्नोत्तर, छलफल, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, समूह कार्य, कक्षा प्रस्तुति, गोष्ठीपत्र,

अध्ययनपत्र जस्ता विधिहरू तोकिएको छ। यसका साथै शिक्षकले आवश्यकता अनुसारका विधि आफ्नै स्वविवेकले निर्धारण गरी उपयोग गर्न सक्ने भनी उल्लेख गरेको छ।

## मूल्याङ्कन प्रक्रिया

प्रस्तुत पाठ्यांशको मूल्याङ्कनका लागि पाठ्यक्रमले आन्तरिक र बाह्य मूल्याङ्कन निर्धारण गरेको छ। आन्तरिक मूल्याङ्कनअन्तर्गत ३० प्रतिशत अङ्क र बाह्य मूल्याङ्कनबाट ७० प्रतिशत अङ्क दिइने व्यवस्था गरिएको छ। आन्तरिक मूल्याङ्कलाई पनि पहिलो र दोस्रो आन्तरिक मुल्याङ्कनमा विभाजन गरी क्रमशः १० र २० प्रतिशत अङ्क निर्धारण गरिएको छ। पहिलो आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य, पुस्तकालय कार्य, पुस्तक वा लेख पुनरावलोकन र कक्षागत सुधार परीक्षालाई मापदण्ड बनाइएको छ। दोस्रो आन्तरिक मूल्याङ्कनअन्तर्गत परियोजना कार्य, अवस्था घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन वा आन्तरिक परीक्षालाई लिइएको छ। यसका साथै शिक्षकले आवश्यकताअनुसार माथि तोकिएका मूल्याङ्कन पद्धतिमध्ये कुनै एक वा एकभन्दा बढी मापदण्डको सहायता लिई मूल्याङ्कन गर्न सक्ने व्यवस्था समेत गरेको छ।

पाठ्यांशको बाह्य मूल्याङ्कनअन्तर्गत वार्षिक परीक्षालाई लिइएको छ। वार्षिक परीक्षाबाट ७० प्रतिशतको मूल्याङ्कन हुने व्यवस्था गरिएको छ। वार्षिक परीक्षामा सहभागी हुन आन्तरिक परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, ७० प्रतिशत कक्षा उपस्थिति रहनु पर्ने, वार्षिक परीक्षा नियन्त्रण कार्यालयले लिने, छोटा र लामा गरी दुई प्रकृतिका क्रमशः १० र १५ अङ्क भारका प्रश्ना सोधिने, प्रश्नहरूमा विकल्प दिइने, सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नमा स्रोत खुलाइने व्यवस्था गरेको छ। न्युनतम ४० प्रतिशत अङ्क प्राप्त भएमा उत्तीर्ण हुने, ४० प्रतिशतभन्दा माथि अङ्क ल्याउनेका लागि अक्षर प्रणालीबाट विधाध परिषद्ले मानविकी सङ्कायका लागि निर्धारण गरेबमोजिमको मापदण्डअनुसार श्रेणी निर्धारण गरिने व्यवस्था गरेको छ।

## नतिजा, विमर्श र सुझाव

प्रस्तुत पाठ्यांशलाई पाठ्यक्रमको तत्त्वको अनुरूपताका आधारमा विमर्श गरिएको छ।

## उद्देश्य

निर्दिष्ट पाठ्यांशमा चारओटा साहित्यका विधाहरू समावेश गरी ती विधा अनुकुल जनशक्ति उत्पादन गर्ने उद्देश्य पाठ्यक्रमले राखेको छ। कथा, उपन्यास, नाटक र कविता विधालाई प्रथम वर्षको पाठ्यांशमा समावेश गरिएको छ। यसबाट पाठ्यक्रमले निर्दिष्ट विधाहरूको सैद्धान्तिक ज्ञानका आधारमा ती विधाको परिचय, तत्त्व, प्रकार र स्वरूप जान्न सक्ने, निर्दिष्ट विधाको आधुनिक कालको विकास प्रक्रियाका चरण, प्रवृत्ति र तिनका प्रतिभाको पहिचान गर्न सक्ने, निर्दिष्ट कृतिका स्रष्टाको परिचय र प्रवृत्ति तथा निर्धारित कृतिको विधा तात्विक विवेचना गर्न सक्ने उद्देश्य राखिएको छ। यस उद्देश्यले विद्यार्थीमा सामान्य सैद्धान्तिक ज्ञान र तत्त्वपरक विवेचना बाहेक ज्ञान उत्पादनको व्यावहारिक प्रक्रियालाई समेटेको देखिँदैन। यसका साथै उद्देश्यले विद्यार्थीको सिर्जनशील क्षमतातर्फ ध्यान दिएको देखिँदैन।

## पाठ्यवस्तु

निर्दिष्ट पाठ्यांशमा चारओटा साहित्यिक विधालाई पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ। कथा, उपन्यास, नाटक र कवितालाई पाठ्यवस्तुका रूपमा समावेश गरी ती विधाका सैद्धान्तिक र प्रायोगिक पक्षलाई

संयोजन र विन्यास गरिएको छ। कथा विधामा १० ओटा कथा समावेश गरिएको छ। मनोविज्ञानसँग सम्बन्धित तीनओटा कथा राखिएको छ। यसले विषयवस्तुको अनावश्यक चाप बढ्न गएको छ। धारा र प्रवृत्तिका आधारमा प्रतिविधिमूलक ढङ्गले कथाको चयन गरी समावेश गर्न सके पाठ्यवस्तुको अनावश्यक डङ्गुर घट्न गई पाठ्यक्रम छरितो र खँदिलो बन्ने देखिन्छ। त्यस्तै उपन्यासमा पनि पाँचओटा उपन्यास कृति राखेर पाठ्यांशको भार अत्यधिक बढाइएको छ। यसका सट्टा उपन्यासको सङ्ख्या घटाएर बाँकी उपन्यासलाई प्रयोगात्मक कार्यका लागि छुट्याइ दिए उपयुक्त हुने देखिन्छ। नाटकमा पाठ्यवस्तुको क्रम मिलेका देखिँदैन। सुरुमै पूर्णाङ्की, त्यसपछि एकाङ्की र गीतिनाटक राखिएको छ। यसका सट्टा पहिले गीति नाटक, त्यसपछि एकाङ्की र त्यसपछि पूर्णाङ्कीको क्रम राखेमा सरलबाट जटिलको सर्वमान्य पाठ्यवस्तु विन्यास मिल्ने देखिन्छ। नाटक विधामा पनि पाठ्यवस्तुको प्रयोगात्मक कार्यका लागि छुट्याउँदा उपयुक्त हुने देखिन्छ। त्यसैगरी कविता विधाअन्तर्गत कविता विधाका तीनओटा रूपहरू पाठ्यवस्तुका रूपमा समावेश गरिएको छ। फुटकर कवितामा १३ जना कविका १३ ओटा कविता राखिएको छ। स्वच्छन्दतावादी धारासँग सम्बन्धित पाँचओटा कविता समावेश गरिएको छ। एउटै धारा, एउटै विषय, एउटै प्रवृत्तिका पाँच पाँच ओटा कविता राखेर पाठ्यभार बढाउनुको औचित्य कहीँ पुष्टि भएको छैन। त्यसैले प्रतिनिधिमूलक ढङ्गले कविताको छनोट र स्तरणमा ध्यान नपुगेको देखिन्छ। केवल सैद्धान्तिक ज्ञानकाा लागि अनेकौं कविता किन राख्नु परेको हो ? पाठ्यक्रमले कहीँ यसको औचित्य प्रमाणित गरेको देखिँदैन। त्यस्तै चारओटा खण्डकाव्य र दुईओटा महाकाव्य समावेश गरेर पाठ्यवस्तु झन् बोझिलो बनाइएको छ। कार्यान्वयन नै गर्न नसक्ने पाठ्यवस्तु राख्दा पाठ्यक्रमले राखेका उद्देश्य पूरा हुनुकाे सट्टा झन ऋणात्मक उपलब्धि हासिल हुने देखिन्छ। बढीमा तीनओटा काव्य (खण्डकाव्य, कोषकाव्य र लामो कविता) प्रतिनिधिमूलक ढङ्गले राखी वा एक खण्डकाव्य र एक लामो कविता समावेश गरी बाँकी पाठ्यवस्तु आन्तरिक मूल्याङ्कनका लागि राखिदिनु उपयुक्त हुन्छ। पाठ्यांशमा समावेश गरिएको महाकाव्यको विषयवस्तु विन्यास पनि बोझिलो देखिन्छ। स्वच्छन्दतावाद कै दुई महाकाव्य सुलोचना र मकवानीवाला राख्नुको औचित्य पुष्टि हुन सक्दैन। कुनै एक महाकाव्यलाई मात्र समावेश गरी बाँकी स्वाध्यायन वा परियोजना कार्यकाा लागि राखिदिंदा उपयुक्त हुने देखिन्छ।

**शिक्षण विधि**

निर्दिष्ट पाठ्यांशको सिकाइ शिक्षण प्रक्रियाका लागि पाठ्यक्रमले शिक्षण विधि निर्धारण गरेको छ। पाठ्यक्रमले उल्लेख गरेअनुसार व्याख्यान, छलफल, प्रश्नोत्तर, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य आदि जस्तद्धा विधिहरू उल्लेख गरेको छ। उल्लिखित विधिको प्रयोग गरेर पाठ्यवस्तुको कार्यान्वयन गर्नुपर्ने स्थिति छ। गृहकार्य र कक्षाकार्य शिक्षणका विधि नै होइनन्। यी अभ्यासका केवल अति परम्परागत तरिका हुन्। केवल व्याख्यान, प्रश्नोत्तर र छलफलले मात्र वर्तमान अतिनूतन युगमा शिक्षणीय कार्य सम्पन्न गर्न खोज्नु सर्वथा प्रतिगामी कार्य र अधुनातन शिक्षणीय नवप्रवर्तन विधिको उपेक्षा गर्नु हो। यी विधिबाट न त दिगो सिकाइ सम्भव छ न त वर्तमान समयले खोजेको ज्ञानको उत्पादन र विनिर्माण सम्भव छ। त्यसैले शिक्षण विधिलाई सामयिक सुधार गरेर पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यपूर्तिको अभिभार संवहन हुने देखिन्छ।

**मूल्याङ्कन प्रक्रिया**

पाठ्यक्रमले पाठ्यांशको मूल्याङ्कन प्रक्रियाका दुई आधारहरू निर्धारण गरेको छ। ती आन्तरिक मूल्याङ्कन र बाह्य मूल्याङ्कन हुन्।

## आन्तरिक मूल्याङ्कन

पाठ्यक्रमले निर्दिष्ट पाठ्यांशको मूल्याङ्कनका लागि १०० पूर्णाङ्कमा ३० प्रतिशत छुट्याइएको छ । ३० प्रतिशत मूल्याङ्कनका लागि के कति विषयवस्तु हो प्रष्ट रूपमा निर्देशन दिइएको छैन । गृहकार्य, कक्षाकार्य, पुस्तकालय कार्य, पुस्तक वा लेख पुनरावलोकन र कक्षागत सुधार परीक्षालाई आन्तरिक मूल्याङ्कनको पहिलो मूल्याङ्कन मानी ३० मा १० अङ्क विभाजन गरिएको छ । यस अङ्क विभाजनका वैज्ञानिक मापदण्ड के हुन् ? अङ्क प्रदान गर्ने वस्तुगत मापन प्रणाली उल्लेख गरिएको छैन । त्यस्तै दोस्रो आन्तरिक मूल्याङ्कन अन्तर्गत परियोजना कार्य, अवस्था घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, प्रतिवेदन, समूहकाई आन्तरिक परीक्षा वा शिक्षकलाई उपयुक्त लागेको पद्धतिबाट मूल्याङ्कन गर्न सकिने व्यवस्था गरेको छ । एकातिर पाठ्यक्रम विषयवस्तु शिक्षण गरेरै नसकिने अवस्था छ अर्कातिर अनेक मूल्याङ्कन विधिको विद्यार्थीलाई प्रशिक्षण दिएर मात्र आन्तरिक मूल्याङ्कन संचालन गर्न सकिने स्थिति छ । त्यसैले पाठ्यवस्तुको मूल्याङ्कन पनि व्यावहारिक रूपमा कार्यान्वयन गर्न नसकिने र शिक्षकले स्वेच्छिक रूपमा आफूले जानेको विधि वा प्रक्रियाबाट मूल्याङ्कन गर्न सक्ने फितलो व्यवस्थाले आन्तरिक मूल्याङ्कन केवल नाम मात्रको हुने देखिन्छ । आन्तरिक मूल्याङ्कनका मापदण्ड वैज्ञानिक र वस्तुगत रूपमा निर्धारण गरी आन्तरिक मूल्याङ्कनका लागि पाठ्यवस्तु नै छुट्याएर कार्यान्वयन गर्न सके मात्र औचित्यपूर्ण हुने देखिन्छ ।

## बाह्य मूल्याङ्कन

पाठ्यक्रमले निर्दिष्ट पाठ्यांशहरूको बाह्य मूल्याङ्कन वार्षिक परीक्षाबाट हुने व्यवस्था गरेको छ । शैक्षिक वर्षको अन्त्यमा परीक्षा हुने, उक्त परीक्षा ७० पूर्णाङ्कको हुने, सो परीक्षा परीक्षा नियन्त्रण कार्यालयले संचालन गर्ने भनी निर्देश गरिएको छ । तीन घण्टाको परीक्षामा ४० प्रतिशत अङ्क ल्याएर उत्तीर्ण हुन पाइने र ४० प्रतिशतभन्दा बढी अङ्ग ल्याउनेका लागि मानविकी सङ्कायका लागि विधापरिषद्ले तोकेको अक्षर प्रणालीबाट प्राप्ताङ्क अङ्कन गरिने व्यवस्था गरेको छ । पाठ्यक्रमले वार्षिक प्रणालीबाट मूल्याङ्कन गर्दा लामा र छोटा क्रमशः १५ अङ्क र १० अङ्कका तोके बमोजिमका विकल्पसहित प्रश्नहरू सोधेर मूल्याङ्कन गर्ने व्यवस्था त गरेको छ तर उत्तर कुन्जी निर्धारण गरी परीक्षणमा एकरूपता ल्याइने व्यवस्था कतै उल्लेख गरेको छैन । वर्षभरि सिकेका ज्ञान र सिपको मूल्याङ्कन तीन घण्टाले निर्धारण गर्ने नगर्ने वैज्ञानिक व्याख्या हुन जरुरी देखिन्छ । अव्यवस्थित पाठ्यवस्तुको थुप्रोबाट बढी अङ्कभार राखेर मूल्याङ्कन गर्दा मूल्याङ्कनको प्रभावकारितामा प्रश्न उठेको छ । केवल विषयगत प्रश्न मात्र समावेश भएकाले विद्यार्थीबाट सूचनात्मक उत्तर प्राप्त हुने निश्चित छ । विद्यार्थीको बोध क्षमताको परीक्षणका लागि बोधात्मक प्रश्न समावेश गर्नुपर्ने देखिन्छ । मूल्याङ्कनले विद्यार्थीको सिर्जनात्मक क्षमताको समेत उपेक्षा गरेको छ । अतः बोधात्मक र सिर्जनात्मक दुवै थरीका प्रश्न समावेश गर्नु जरुरी देखिन्छ । त्यसैगरी विद्यार्थीको पठनबोध क्षमताको विकासका लागि वस्तुतग प्रश्न समावेश गर्नुपर्ने आवश्यकता देखिएको छ । केवल विषयगत प्रश्नले मात्र विद्यार्थीको ज्ञान, सीप, दक्षता र अभिवृत्तिको परीक्षण हुन नसक्ने देखिन्छ ।

## सुझावहरू

पाठ्यक्रमका निर्दिष्ट पाठ्यांशका सीमाहरूलाई सम्बोधन गरी पाठ्यक्रमको प्रभावकारितामा वृद्धि गर्न निम्नानुसारका संशोधन हुन सके पाठ्यक्रमको उद्देश्य पूरा हुने देखिन्छ :

क) विद्यार्थीका ज्ञानको उत्पादन, ज्ञान निर्माण र सिर्जनात्मक क्षमता वृद्धि गर्ने उद्देश्य राखी सोहीअनुसारका पाठ्यवस्तु संयोजन गर्न सके उपयुक्त हुने ।

ख) पाठ्यवस्तुको निर्धारणमा क्षेत्र र क्रमलाई सन्तुलित बनाई पाठ्यवस्तुलाई सरलबाट जटिलको क्रममा राख्नु उपयुक्त हुने ।

ग) पाठ्यवस्तु छनोट गर्दा पूर्व योग्यता (कक्षा ११ र १२ को ऐच्छिक पाठ्यक्रमको सादृश्यमा) र उच्च तहको योग्यताका परिसीमालाई विचार गर्नुपर्ने ।

घ) स्नातकोत्तर तहको आधार स्नातक भएकाले स्नातकोत्तर तहका लागि पूर्व योग्यतामा आधारित विषयवस्तु स्नातक तहका विद्यार्थीको क्षमतामा आधारित हुने गरी सरलीकरण गरी पाठ्यवस्तुको विन्यास गर्नुपर्ने ।

ङ) स्नातक तहका लागि जटिल संरचना भएका प्रयोगवादी कथा, प्रयोगवादी कविता, नाटक, लामा कविता तह, मनोविज्ञान, पूर्वयोग्यता र रुचिका आधारमा संवेदनशील भई छनोट, निर्धारण र स्तरण गर्नुपर्ने ।

च) विधागत कृतिहरू छनोट गरी धारा, प्रवृत्ति, विचार, योगदान आदिलाई दृष्टिगत गरी प्रतिनिधिमूलक ढङ्गले समेट्नु पर्ने ।

छ) एउटै धारा, विषय र प्रवृत्तिका आधारित अनेक कृतिहरू राख्दा एकातिर पाठ्यवस्तुको अनावश्यक भार बढ्ने र अर्कोतिर विद्यार्थीको रुचि र मनोविज्ञानमा पनि निरसता पैदा हुने हुनाले पाठ्यवस्तुको छनोट र स्तरीकरणमा ध्यान पुऱ्याउनु पर्ने ।

ज) पाठ्यवस्तुलाई आन्तरिक र बाह्य मूल्याङ्कनको प्रयोजनका लागि छुट्याएर राख्दा विषयवस्तुको व्यवस्थापन पनि हुने र पाठ्यवस्तुको अत्यधिक भार बाह्य मूल्याङ्कनका लागि हट्न गई पाठ्यवस्तु छरितो र सुरुचिपूर्ण हुने ।

झ) पाठ्यवस्तुमा पछिल्लो युगका परिवर्तित सन्दर्भ र युग परिवर्तनका मूल्य वहन गर्न सक्ने कृतिहरूको छनोट र प्रस्तुतीकरणमा ध्यान दिनु पर्ने ।

ञ) पाठ्यवस्तुको छनोट गर्दा समावेशीकरणका मान्यतालाई परिपालन नगरिएकाले पाठ्यवस्तुलाई स्वीकार्य र सरोकारवालामा अपनत्वको विकास गर्न उदात्तता अपनाउनु पर्ने ।

ट) शिक्षण विधिहरू परम्परागत र कतिपय विधि वर्तमान सन्दर्भमा अनावश्यक र औचित्यहीन रहेकाले उपयुक्त विधिहरू छनोट गरी तिनको प्रयोग गर्ने विधि समेतको निर्देश गरी अधावधिक गर्नुपर्ने ।

ठ) पठन संस्कृति घट्दै गएको समसामयिक सन्दर्भमा साहित्यिक पठनमा रुचि वृद्धि गर्ने गरीको पाठ्यवस्तु छनोट गर्नुपर्ने ।

ड) शिक्षकहरूलाई समयानुकूल पुनर्ताजगी तालिम, प्रशिक्षण र नवीन शैक्षिणिक विधिको प्रयोगमा दक्षता विकासका लागि कार्यक्रमहरू संचालन गर्नुपर्ने ।

ढ) आन्तरिक मूल्याङ्कनलाई वैज्ञानिक र व्यवस्थित बनाउन आन्तरिक मूल्याङ्कनका वस्तुगत आधार र मूल्याङ्कन निर्देशिका जारी गर्नुपर्ने ।

ण) बाह्य मूल्याङ्कनमा केवल विषयगत उच्चतम अङ्कभारका प्रश्न राखी मूल्याङ्कन गर्दा विद्यार्थीको बोध र सिर्जनात्मक क्षमताको मूल्याङ्कन नहुने हुँदा बोधात्मक प्रश्न र वस्तुगत प्रश्नसमेत समावेश गर्नुपर्ने ।

**निष्कर्ष**

छलफल पश्चात् प्राप्त सुझावलाई आधार मानेर निष्कर्षण र सामान्यीकरण गरिने ।

**सन्दर्भ सामग्रीहरू**

धन्यवाद !

**Acceptance letter from Subject Committee (Nepali), TU**

कोटेश्वर बहुमुखी क्याम्पस
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, २०८०

Koteshwor MULTIPLE CAMPUS
(Affiliated to Tribhuvan University)
Accredited by University Grants Commission (UGC) Nepal, 2023

च.न.: ५११/०८१

मिति: २०८१/११/०८

श्री अध्यक्ष ज्यू,
नेपाली विषय समिति तथा विभागाध्यक्ष,
त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस ,
काठमाडौं, नेपाल ।

विषयः पाठ्यक्रम विमर्श कार्यपत्र तथा सुझाव ग्रहण गरी दिनुहुन ।

महोदय ,

उपर्युक्त सम्बन्धमा कोटेश्वर बहुमुखी क्याम्पस , काठमाडौंले मिति २०८१/ ११ /०७ का दिन हजुरको प्रमुख आतिथ्यतामा आयोजना गरेको मानविकी तथा सामाजिक शास्त्र सङ्कायको स्नातक तह प्रथम वर्ष ऐच्छिक नेपाली विषयको पाठ्यक्रम विमर्श कार्यक्रममा प्रस्तुत कार्यपत्र तथा त्यसमा समाहित सुझाव ग्रहण गरी दिनुहुन अनुरोध गर्दछु ।

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर
२०८१-११-८

केशव भट्टराई
विभागाध्यक्ष
नेपाली विभाग
कोटेश्वर बहुमुखी क्याम्पस

सम्पर्क ठेगाना:
जडीबुटी, काठमाडौँ-३२, नेपाल
फोन : ०१-४९९२९५०, ५९१८३०१

Contact Address:
Jadibuti, Kathmandu-32, Nepal
Tel.: 01-4992950, 5918301

www.koteshworcampus.edu.np info@koteshworcampus.edu.np

**Minute of curriculum Feedback Program**

Anex 1.5.

२०८१/११/०२

आज मिति २०८१/११/०२ गते कोटेश्वर बहुमुखी क्याम्पस नेपाली विभागको बैठक विभागका अध्यक्ष श्री केशव भट्टराईको अध्यक्षतामा बस्यो। बैठकले निम्न प्रस्तावहरूमाथि छलफल गरि निर्णय गर्‍यो।

उपस्थिति
१, केशव भट्टराई (विभाग अध्यक्ष)
२, मनोज अधिकारी (स.क्याम्पस प्रमुख) आमन्त्रित
३, सेदुनाथ ढकाल (RMC प्रमुख) आमन्त्रित
४, मदन गौतम
५, डा.बालाकृष्ण अधिकारी
६, महेन्द्र ढकाल
७, गोकुल पोखरेल
८, शैलेन्द्र अधिकारी
९, भीमप्रसाद घिमिरे

प्रस्तावहरू
१, पाठ्यक्रम विमर्श कार्यक्रमका सम्बन्धमा।
२, विविध

निर्णयहरू

प्रस्ताव नं. १ माथि छलफल गर्दा कोटेश्वर बहुमुखी क्याम्पस नेपाली विभागको संयोजकत्वमा स्नातकतह प्रथम वर्षको ऐच्छिक नेपाली विषयको पाठ्यक्रम विमर्श कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो। उक्त विमर्श कार्यक्रमको कार्यपत्र प्रस्तुतिको जिम्मेवारी विभागका सदस्य श्री गोकुल पोखरेल लाई दिइने निर्णय गरियो। साथै कार्यपत्र प्रस्तुति कार्यक्रमका लागि प्रमुख अतिथिका रूपमा नेपाली विषय समितिका अध्यक्ष तथा नेपाली केन्द्रीय विभाग विभागाध्यक्ष श्री प्रा.डा. कृष्णप्रसाद घिमिरेला

आमन्त्रण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा कोटेश्वर बहुमुखी क्याम्पसद्वारा आयोजना गरिने पाठ्यक्रम विमर्श कार्यक्रम मिति २०८१/११/०६ गते प्रजातन्त्र दिवसका दिन सम्पन्न गर्ने निर्णय गरियो ।

**Curriculum feedback program photos**









beautiful thing
from you.
Bad libraries build

**1.5 Curriculum Feedback -1 2082**

**Curriculum Feedback Report**

Bachelor Level : First Year

*From*

Department of Journalism and Mass Communication

Koteshwor Multiple Campus (KMC), Koteshwor, Kathmandu

*To:*

Central Department of Journalism and Mass Communication

Tribhuvan University (TU), Kirtipur, Kathmandu

Academic Year: 2082 (2025/2026)

Date of Submission: 2082/11/08

**1. Background of the Programme**

Koteshwor Multiple Campus has been implementing the Bachelor level curriculum under the Faculty of Humanities and Social Sciences, Tribhuvan University. In order to ensure academic quality, relevance, and effective implementation, the campus conducted a curriculum feedback programme focusing on the first-year Journalism and Mass Communication courses.

The feedback was collected from faculty members teaching journalism and media-related subjects to evaluate the course structure, content relevance, teaching approaches, and practical applicability. The purpose of this report is to provide constructive feedback to the Central Department of Journalism and Mass Communication for further improvement of the curriculum.

**2. Subjects Included in the Feedback**

*Subject 1*

Level: Bachelor

Year: First Year

Subject Code: 421

Subject Title: Introduction to Mass Media and Communication

*Subject 2*

Level: Bachelor

Year: First Year

Subject Code: 421

Subject Title: Principles and Practices of Journalism

## 3. Objectives of the Feedback Programme

### General Objective

To evaluate the effectiveness and relevance of the first-year Journalism curriculum based on faculty feedback for academic enhancement.

### Specific Objectives

i. To assess the clarity and organization of course contents.
ii. To evaluate the relevance of the curriculum to contemporary media practices.
iii. To examine the balance between theoretical and practical components.
iv. To identify strengths and gaps in course implementation.
v. To provide recommendations for curriculum improvement.

## 4. Methodology of Feedback Collection

The feedback was collected through structured questionnaires and consultation meetings among faculty members of the Department of Journalism and Mass Communication at Koteshwor Multiple Campus.

Participants: Faculty members teaching Journalism and Communication subjects.

Tools Used: Structured feedback forms & Departmental discussion meetings

Method of Analysis: Descriptive analysis and thematic interpretation based on responses.

## 5. Findings and Observations

### 5.1 Introduction to Mass Media and Communication

Faculty members reported that this subject provides a strong foundation for understanding communication theories, media evolution, functions of mass media, and the role of media in society. The course is considered highly appropriate for first-year students because it introduces fundamental concepts necessary for further academic study in journalism and communication.

However, some respondents suggested that the curriculum could be strengthened by including more Nepal-specific media examples, digital media trends, and practical exposure such as media observation assignments and case studies. The integration of multimedia tools and contemporary communication technologies was also recommended.

## 5.2 Principles and Practices of Journalism

